**बैठक संख्या:-५६**

आज मिति २०८१ साल असोज ०८ गते मंगलबारका दिन बिर्तामोड नगरपालिकाको कार्यपालिका बैठक नगर प्रमुख श्री पवित्रादेवी महतारा प्रसाईंज्यूको अध्यक्षतामा निम्न वडा अध्यक्ष तथा कार्यपालिका सदस्यहरुको उपस्थितिमा निम्न विषयमा छलफल गरियो ।

उपस्थिती

| सि.नं | पद | नाम, थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री पवित्रादेवी महतारा प्रसाई | |
| २ | नगर उप-प्रमुख | श्री नगेन्द्र प्रसाद संग्रौला | |
| ३ | १ नं.वडा अध्यक्ष | श्री अग्नी प्रसाद पाण्डे | |
| ४ | २ नं.का.बा.वडा अध्यक्ष | श्री ओमनाथ गौतम | |
| ५ | ३ नं. वडा अध्यक्ष | श्री मदन बुढाथोकी | |
| ६ | ४ नं.वडा अध्यक्ष | श्री राहुल कुमार शर्मा | |
| ७ | ५ नं. वडा अध्यक्ष | श्री रोहित प्रसाई | |
| ८ | ६ नं. वडा अध्यक्ष | श्री सुर्य प्रसाद कन्दङ्वा | |
| ९ | ७ नं. वडा अध्यक्ष | श्री कृष्ण प्रसाद खरेल | |
| १० | ८ नं.वडा अध्यक्ष | श्री अजय कार्की | |
| ११ | ९ नं.वडा अध्यक्ष | श्री हरि प्रसाद चौलागाई | |
| १२ | १० नं. वडा अध्यक्ष | श्री दुर्योधन गुरुङ | |
| १३ | कार्यपालिका सदस्य | श्री यमुना देवी आचार्य | |
| १४ | कार्यपालिका सदस्य | श्री तिला गौतम | |
| १५ | कार्यपालिका सदस्य | श्री निर्मला देवी सुनार | |
| १६ | कार्यपालिका सदस्य | श्री लक्ष्मा खतिवडा | |
| १७ | कार्यपालिका सदस्य | श्री संगिता सिवा | |
| १८ | कार्यपालिका सदस्य | श्री जगतचन्द्र राजवंशी | |
| १९ | कार्यपालिका सदस्य | श्री सिता दुङगाना वि.क. | |
| २० | कार्यपालिका सदस्य | श्री शर्मिला राजवंशी | |
| २१ | सदस्य सचिव (प्र.प्र.अ.) | श्री राधाकृष्ण खतिवडा | |

CamScanner

**निर्णय नं १-** यस भन्दा अघि भएको कार्यपालिका बैठकका निर्णयहरुको कार्यान्वयन प्रगति सन्तोषजनक रहेको समिक्षा गरियो।

**निर्णय नं २ -** बि.न.पा. वडा नं ६ देउनिया खोला छेउमां रहेको खाली भू-भागमा यस नगर क्षेत्र भित्र उत्सर्जन हुने फोहोर संकलन गरी डम्पिङ्ग गरिरहेकोमा तत्कालिन समयमा खोलामा पानीको बहाब बढी भई क्षति पुर्याउनुका साथै फोहोर बगाएर मानवीय स्वास्थ्यमा नै असर पर्ने स्थिति भई विपद् व्यवस्थापनबाट क्रमागत योजनामा बिनियोजित बजेट तथा कार्यक्रमबाट खर्च गर्ने गरी ५ प्रतिशत श्रमदान कायम गरी उपभोक्ता समितिसँग सम्झौता गर्ने गरी कार्य गराउने सम्बन्धमा मिति २०८१।०३।०५ गते भएको नगर प्रमुखस्तरीय निर्णयलाई अनुमोदन गरी उक्त योजनाको फरफारक गर्ने निर्णय गरियो।

**निर्णय नं ३ -** नगरभित्रका बिभिन्न कच्ची सडकहरु खाल्डाखुल्डी भएर हिडडुल गर्न तथा सवारी आवतजावतमा समस्या भईरहेको हुँदा नजिकिदै गरेको चाडपर्वलाई मध्यनजर गरी कच्ची सडकहरुको वडास्तरीय उपभोक्ता समिति मार्फत् मर्मत तथा स्तरोन्नति गर्न आ.ब. ०८१/८२ का लागि स्वीकृत, नीति बजेट तथा कार्यक्रमको ख.शि.नं ३११५९ अन्य सार्वजनिक निर्माण अन्तर्गत मर्मत सम्भार कोषबाट खर्चको भुक्तान हुने गरी वडा नं २ र वडा नं १० का लागि रु. ४/४ लाख तथा अन्य ८ वटा वडाका लागि रु.३/३ लाखका दरले बजेट बिनियोजन गरी कार्य अघि बढाउने निर्णय गरियो।

**निर्णय नं ४ -** घ" श्रेणीको निर्माण इजाजत स्वीकृतका लागि नियमानुसार प्रक्रिया पुगी आएका देहायका फर्महरुलाई निर्माण सम्बन्धी कार्य गर्न ईजाजत स्वीकृत दिने निर्णय गरियो।

**देहाय**

१. ए.आर.एक्स.कन्स्ट्रक्सन प्रा.लि. बि.न.पा ५ झापा।

२. गौसिला ईन्जिनियरिङ प्रा.लि. बि.न.पा ५ झापा।

**निर्णय नं ५ (विविध) -**

क) आर्थिक अवस्था अत्यन्तै न्यून भएका र अस्पतालमा उपचाररत क्यान्सर पीडित बिर्तामोड नगरपालिकाको वडा नं ८ बस्ने ३७ बर्षीय राजन दुलाललाई औषधी उपचार खर्च

वापत रु ५० हजार र बिर्तामोड नगरपालिका वडा नं ९ बस्ने ४९ वर्षीय सरिता दर्जीलाई औषधी उपचार खर्च वापत रु ५० हजार उपलब्ध गराउने निर्णय गरियो ।

ख) नगरपालिकामा आर्थिक सहयोग मागका लागि आउने बिरामी/अपाङ्ग/असहाय आदिलाई निजहरुको संवेदनशीलतालाई मध्यनजर गरी अधिकतम २० हजार सम्मको आर्थिक सहयोग उपलब्ध गराउने सम्बन्धी निर्णयाधिकार नगर प्रमुखलाई प्रदान गर्ने निर्णय गरियो ।

ग) बिर्तामोड नगरपालिका वडा नं ५ बस्ने समाजसेवी एवं सामाजिक अभियान्ता श्री बिष्णु प्रसाद आचार्यलाई मिति १८ जुलाई देखि २२ जुलाईसम्म जापानको ओसाका शहरमा भएको सरसफाई सम्बन्धी सम्मेलनमा भाग लिन जानका लागि आर्थिक सहयोग माग गर्नु भएकोमा निजलाई सहयोग स्वरुप रु.१५०००।- रुपैँया उपलब्ध गराउने निर्णय गरियो ।

CamScanner